लक्ष्मीनियाँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

मिति :- २०७९/०३/०१

## सूचना

**विषय :- सुरक्षित नागरिक आवास कार्यक्रमका लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा गरिबीको रेखा मुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका, घरपरिवारले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ खरिदका लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम अनुदान रकम उपलब्ध गराइने भएकोले देहायको मापदण्ड पुगेका यस गा.पा. अन्तर्गत इच्छुक नागरिकहरुले सुरक्षित नागरिक आवास कार्यक्रममा सहभागी हुनका लागि घरमूलिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि तथा पासपोर्ट साईजको फोटो १ (एक) प्रति सहित मिति २०७९/०३/१० गते भित्र सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

**लाभग्राही छनौटका आधारहरु (कार्यविधिको दफा ३ मा उल्लेख भएबमोजिम)**

१. लाभग्राही वसोवास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेस्टस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हावाहुरीवाट सजिलै प्रभावित हुन सक्ने अन्य सामग्रीवाट छाएको ।
२. गरिबीको रेखा मुनी रहेको आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको घरपरिवार ।
३. जग्गाधनी प्रमाणपुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य शुल्क बुझाएको प्रमाण ।
४. विगत देखि नै सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण ।
५. प्रकोपका कारण घरविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।
६. गरिवीको रेखा मुनी रहेको लाभग्राहीको हकमा सम्वन्धित वडाको सिफारिस ।

२०७९/०३/०१
नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ :
**श्री वडा कार्यालयहरु सबै, लक्ष्मीनियाँ गा.पा., धनुषा ।**

Scanned with CamScanner